माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(पञ्जीकरण शाखा सेवा ईकाइ)
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
मोः ९८५७८३६००६
वेवसाइटः www.mandavimun.gov.np
ईमेलः info@mandavimun.gov.np, mandavimun2073@gmail.com

प.स. २०७८/०७९
च.न

मितिः२०७९/०३/३१

**सूचना! सूचना!! सूचना!!!**

## विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा भत्ता परिचयपत्र हरेक वर्ष नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहेका यस माण्डवी गाउँपालिकाका ५ वटै वडाका सम्पूर्ण लाभग्राहीहरुले **२०७९ श्रावण मसान्त भित्र** सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ती आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा परिचयपत्र नवीकरणको लागि निवेदन दिनु हुन अनुरोध छ ।

साथै परिचयपत्र नवीकरण नभएको अवस्थामा लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु**

- सामाजिक सुरक्षा कार्यविध २०७७ को अनुसूची २ ढाँचा अनुसारको निवेदन (वडा कार्यालयबाट उपलब्ध हुनेछ)
- नागरिकता प्रमाणपत्रको प्रतिलीपी,
- भत्ता बुझ्ने परिचयपत्रको प्रतिलीपी
- पासपोर्ट साईजको १ प्रति फोटो
- विधवा महिला भए पतिको मृत्यू दर्ताको प्रतिलीपी
- ६० वर्ष मुनिका विधवा हकमा अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलीपी
- बालबालिकाको हकमा जन्म दर्ता / संरक्षकको नागरिकताको प्रतिलीपी
- अपाङ्गको हकमा अपाङ्गको परिचयपत्र / संरक्षकको नागरिकताको प्रतिलीपी

.........................
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
वडा कार्यालय सबै, माण्डवी गाउँपालिका प्यूठान
आवश्यक प्रचार प्रसार गरी नवीकरण गर्नुहुनु ।

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,
.................................गाउँपालिका / नगरपालिका
वडा नं. ...............
जिल्ला..................
प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

| | |
|---|---|
| नाम थरः- | लिङ्गः- |
| लक्षित समूहः- | सामाजिक सुरक्षा परिचयपत्र नंः- |
| राष्ट्रिय परिचयपत्र नं.:- | सम्पर्क मोबाइल नंः- |
| दस्तखतः- | मितिः- |

## संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थरः-....................................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखतः-..............

सम्पर्क मोबाईल नं.:-

नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मितिः-

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको:

नाम थरः

पदः

दस्तखतः

मितिः